ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 4 Issue: 2, Year 2025

# पुस्तकालय र यसको प्रयोजन तथा उपयोगिता

हरि प्रसाद तिमिल्सिना*
DOI: https://doi.org/10.3126/academia.v4i2.82978
*ORCID: https://orcid.org/0009-0003-6085-0154
* Hari Prasad Timilsina, Assistant Professor, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
*Corresponding Author: timilsina119@gmail.com
Article History: Received: March. 16, 2025 Revised: June. 11, 2025 Received: August. 03, 2025

## लेखसार

ठुलो समूहमा पुस्तकहरू तस्बिरहरू र चित्र वा तस्बिरसमेत संयोजन गरी राखिएका पुस्तकालयमा प्रकृति, ब्रह्माण्ड, वनस्पति, मानवशरीर, मानवका ज्ञान, सिप, अनुभव, संस्कार एवं संस्कृति आदिको प्रसार गर्ने र पुस्तौँपुस्ता हस्तान्तरण गर्ने माध्यम पुस्तकालय हो । परम्परागत पुस्तकालय हुँदै वर्तमान समयमा ई-पुस्तकालय वा डिजिटल पुस्तकालय र डिजिटल पुस्तकसम्मको सुदीर्घ परम्परामा पुस्तकालयले ज्ञानको प्रसार गर्दै आएको छ । प्रस्तुत अध्ययन यसै विषयमा केन्द्रित रही शिक्षा र ज्ञानप्राप्ति तथा प्रसारको महत्त्वपूर्ण माध्यम पुस्तकालयको परिचय, नेपालमा पुस्तकालयको अवस्था, आदर्श पुस्तकालय, पुस्तकालयको प्रयोजन र उपयोगितासित सम्बन्धित छ। यसमा पुस्तकालयको परिचयात्मक अध्ययन, प्रकार, नेपालमा पुस्तकालयको विकास र अवस्था तथा आदर्श पुस्तकालय कस्तो हुनुपर्छ भन्ने अध्ययनका साथै पुस्तकालयको उपादेयता र प्रयोजनसम्बन्धी अध्ययन गरिएको छ । अध्ययनका क्राममा शाब्दिकरूपमा रहेका असाङ्ख्यिक तथ्यहरूलाई सङ्कलन गरी गुणात्मक अनुसन्धानात्मक ढाँचाको प्रयोग गरी पुस्तकालयीय विधिद्वारा निष्कर्ष निकालिएको छ । औपचारिक शिक्षा वा ज्ञानको क्रमबद्ध र नियमित शृङ्खला भए पनि औपचारिक शिक्षासँगै वा बाहेक पुस्तकालयबाट आफ्नो ज्ञानको अभिव्यक्ति गरी व्यक्तित्व निर्माण गर्ने महत्त्वपूर्ण शैक्षिकस्थलका रूपमा पुस्तकालय रहेको छ । नेपालमा मकैको खेती पर्व र पुस्तकालय पर्व पुस्तकालयसम्बन्धी चेतना जगाउने घटना हुन् भन्ने यस अध्ययनमा देखाइएको छ। विभिन्न प्रकारका पुस्तकालय हुँदै हाल ई-पुस्तकालयको उपयोगितासमेत पुस्तकालय अध्ययन र ज्ञानप्राप्ति, खोजअनुसन्धान, सामजिकीकरण, सूचनामा पहुँच तथा मनोरञ्जनसमेतको लागि आवश्यक रहेको र पुस्तक पाठकका लागि हुन्छन्, प्रत्येक पाठकले आफ्नो आवश्यकताको पुस्तक पाउनुपर्छ र प्रत्येक पुस्तकले आफ्नो पाठक पाउनुपर्छ, पाठकको समय बचाउने पुस्तकालय उन्नतशील शैक्षिक संस्था हो भन्ने यस अधययनको निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी :** पुस्तकालय, उपयोगिता, डिजिटल, ई-पुस्तकालय, सामाजिकीकरण

## विषयप्रवेश

पुस्तकालय अनौपचारिक वा औपचारिक शिक्षा हासिल गर्ने सबैले ज्ञान प्राप्त गर्ने स्थान हो । परिवार, समाज र प्रकृतिबाट सिकेर वा जानेर सैद्धान्तिक वा व्यवहारिक ज्ञान प्राप्त गरिन्छ । व्यक्तिको व्यक्तित्व निर्माण गर्न शिक्षाको ठुलो भूमिका रहेको हुन्छ । हामी विद्यालय र महाविद्यालयबाट औपचारिक शिक्षा प्राप्त गर्दछौँ । त्यसबाहेक ज्ञान, सिप र व्यक्तित्व निर्माणको महत्त्वपूर्ण अनौपचारिक विद्यालय वा महाविद्यालय पुस्तकालय हो । घरमै पढ्न लेख्न सिकेका र स्कुल क्याम्पसको ढोकामा पाइला नराखेकाहरू पनि पुस्तकालयमा पढेर महाविद्यालयका पण्डितभन्दा बढी ज्ञान र गुणले युक्त हुनसक्छन् । औपचारिक शिक्षा ज्ञानको एक क्रमबद्ध र नियमित शृङ्खला हो । यसले प्रमाणपत्र दिन्छ । प्रमाणपत्र नोकरी गर्न वा पेसा प्राप्त गर्न आवश्यक हुन्छ । ज्ञान र सिप भएन भने पेसा प्राप्त गर्न पनि सकिँदैन । दुईचार वर्ष गुरुहरूसँग नियमित अध्ययन गरेका विद्यार्थीहरू पनि पुस्तकालयमा घन्टौं र महिनौँ बसेर आफ्नो ज्ञानको अभिवृद्धि गरी व्यक्तित्व निर्माण गर्दछन् । ज्ञान, गुण, सिप

र व्यवहारले युक्त हुनु मान्छे हुनु हो । पुस्तक र व्यवहारबाट सैद्धान्तिक एवं व्यावहारिक ज्ञान प्राप्त हुन्छ । स्कुल कलेजमा एउटा विषयमा सीमित ज्ञान प्राप्त हुन्छ तर पुस्तकालयमा थरीथरीका विषयका पुस्तकहरू हुन्छन् जसले इच्छानुसार ज्ञान प्राप्त गर्न सकिन्छ । यदि पुस्तकालय समृद्ध छ भने त्यसभित्र संसार पाउन सकिन्छ ।

अखबारदेखि म्यागाजिनसम्म, पत्रिकादेखि ग्रन्थसम्म, ज्ञानविज्ञानका लेखिएका, कोरिएका र बनाइएका ज्ञानका स्रोतहरू रहने आलय, ठाउँ, आश्रय, गृह वा घरलाई पुस्तकालय भन्दछौँ । शब्दहरू र विभिन्न विषयका चित्रहरू छापिएको कागजका पानाहरूको व्यवस्थित समूह पुस्तक हो । कुनैमा तस्बिर र चित्र दुवै हुन्छन् कुनैमा चित्र र तस्बिर दुवै नहुन वा कुनै एक हुनसक्छन् । पुस्तक पुस्तकालयमा प्राप्त हुन्छन् । ठुलो समूहमा पुस्तकहरू राखिएको घर नै पुस्तकालय हो । अहिलेका समयमा परम्परागत भित्ते पुस्तकालय मात्र नभई विद्युतीय पुस्तक र पुस्तकालयको विकास भइसकेको छ । यिनलाई ई-बुक र ई-लाइब्रेरी भनिन्छ । विविध ज्ञान, सूचना, स्रोत, सेवा आदिको सङ्ग्रह गर्ने र तिनको सेवा प्रदान गर्ने शैक्षिक केन्द्र पुस्तकालय हो । पुस्तकालय विज्ञ डा. रङ्गनाथनले पुस्तकसङ्ग्रह, रेखदेख, व्यवस्थापन गर्ने, आफ्ना पाठकहरूलाई उनीहरूको आवश्यकता अनुसार पुस्तक उपलब्ध गराउने र अनियमित पाठकहरूलाई नियमित पाठकमा परिवर्तन गर्ने सार्वजनिक संस्था पुस्तकालय हो भनेका छन् । पुस्तकमा सिङ्गो संसार र ब्रह्माण्ड अटाउँछ । फूलदेखि फूलबारीसम्म, व्यक्तिदेखि ब्रह्माण्डसम्म, मानवशरीरदेखि पशुपन्छी वनस्पतिसम्म यावत विषयका पुस्तक लेखिन्छन् । पुस्तक युगौँयुग र पुस्तौँपुस्तासम्म ज्ञान, सिप, अनुभव, संस्कार र संस्कृतिको स्थानान्तरण गर्ने माध्यम हो भने यस्तो ज्ञान, सिप, संस्कार र संस्कृतिको संरक्षण गर्ने र हस्तान्तरण गर्ने माध्यम पुस्तकालय हो । पुस्तकको महत्त्वलाई पुरानो कोट लगाऊ र नयाँ पुस्तक किन भन्ने थोरोको भनाइले पुष्टि गर्दछ । खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ पढ्न र ज्ञान लिन चाहने व्यक्तिले स्कुल कलेज नै धाउनु पर्दैन । जसरी नजिकको खोला पोखरीमा गएर पशुपन्छीहरू प्यासबाट तृप्त हुन्छन् । नजिकको पुस्तकालयबाट ज्ञान पिपासुहरू ज्ञान लिन सक्छन् ।

## अध्ययनविधि

यो अध्ययन शाब्दिक प्रकृतिको भएकाले गुणात्मक अनुसन्धान ढाँचा अनुशरण गरी पुस्तकालयीय विधिका माध्यमबाट 'पुस्तकालय'सित सम्बन्धित अध्ययन सामग्रीको सङ्कलन गरिएको छ । पुस्तकालयको परिचय, परिभाषा, प्रकार आदि लिखित सैद्धान्तिक ग्रन्थहरूलाई प्राथमिक सामग्रीका रूपमा र पुस्तकालयका बारेमा लेखिएका अन्य लेख रचना तथा अनुसन्धानहरू द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । गुणात्मक ढाँचाको अङ्गिकार गर्दा असाङ्ख्यिक तत्त्वहरूको सङ्कलन गरी शाब्दिकरूपमा तथ्यहरूको सत्यापन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### जनसङ्ख्या र नमुना छनौट

यो अध्ययन पुस्तकालयको परिचय, आवश्यकता र महत्त्वसित सम्बन्धित भएकाले पुस्तकालयका बारेमा लेखिएका सैद्धान्तिक ग्रन्थहरूमध्ये अध्ययनलाई आवश्यक सामग्रीलाई नमुना छनौट गरी जनसङ्ख्याका रूपमा लिइएको छ । पुस्तकालय साहित्यबाहेक पुस्तकालयसित सम्बन्धित अन्य लेख्य सामग्रीहरूबाट पनि सोद्देश्यमूलक नमुना छनौट पद्धतिलाई अनुशरण गरी उपयोग गरिएको छ ।

### तथ्याङ्क सङ्कलन र विश्लेषण

पुस्तकालयका बारेमा ठोस र प्रामाणिक जानकारी दिन तथा यस अनुसन्धानलाई उद्देश्यमूलक बनाउन पुस्तकालयसाहित्य वा पुस्तकालय सिद्धान्त भएका सैद्धान्तिक ग्रन्थहरूलाई मुख्य सामग्रीका रूपमा पुस्तकालयीय कार्यद्वारा सङ्कलन गरिएको छ । ती ग्रन्थहरू र ग्रन्थभित्रका परिधीय खण्डका संज्ञानात्मक एवं समीक्षात्मक टिप्पणीहरू तथा पुस्तकालयशास्त्रसित सम्बन्धित अन्य लेख एवं कोशहरूसमेतलाई अध्ययनमा आवश्यकतानुसार तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कहरूको सत्यापन गरी पुष्टिका लागि वर्णन र विश्लेषण गरी निष्कर्षमा पुऱ्याइएको छ ।

### सैद्धान्तिक पर्याधार

कुनै पनि रचना निश्चित सैद्धान्तिक आधार ग्रहण गरी अध्ययन गर्दा उद्देश्य प्राप्ति सहज हुनजान्त । त्यसैले पुस्तकालयसित सम्बन्धित यस अध्ययनमा पुस्तकालयसिद्धान्तलाई सैद्धान्तिक आधार बनाई पुस्तकालयको परिचयात्मक सर्वेक्षण, प्रकार तथा तत्त्व, पुस्तकालयको महत्त्व र उपयोगिता, आदर्श पुस्तकालयको स्थापना तथा नेपालमा पुस्तकालयको ऐतिहासिक अवस्था आदिको अध्ययन गरी सैद्धान्तिक आधार तयार गरिएको छ। अखबारदेखि म्यागजिन हुँदै दैनिक तथा साप्ताहिक, पाक्षिक, मासिक, अर्धवार्षिक, वार्षिकसम्मका पत्रपत्रिका तथा विभिन्न ज्ञानविज्ञानसित सम्बन्धित ग्रन्थहरू, कोरिएका चित्रहरूलगायत ज्ञानका स्रोतहरूलाई पुस्तकालयमा सुरक्षित राखी अनेक पुस्ता र युगौँयुगसम्म ज्ञानको हस्तान्तरण र प्रसार गर्ने महत्त्वपूर्ण माध्यम पुस्तकालय हो। पुस्तकालयविज्ञ डा. रङ्गनाथनले - पुस्तकसङ्ग्रह, रेखदेख, व्यवस्थापन र पाठकहरूको आवश्यकतानुसार पुस्तक उपलब्ध गराउने सार्वजनिक संस्था पुस्तकालय हो भनेका छन्। उनी थप्छन् - पुस्तकालय व्यवस्थापनको काम अनियमित पाठकहरूलाई नियमित बनाउने काम पनि पुस्तकालयअन्तर्गत हुन्छ । पुस्तकालयमा सिङ्गो ब्रह्माण्ड, मानशरीर, पशुपन्छी, वनस्पतिसम्म यावत् विषयका पुस्तकहरू रहन्छन् । साहित्यिक पुस्तकहरूका साथै सिप, ज्ञान, अनुभव, संस्कार र संस्कृतिको स्थानान्तरण गर्ने माध्यम पनि पुस्तकालय हो (तिमिल्सिना, २०८१, पृ.१) ।

नेपालमा पुस्तकालयसम्बन्धी अध्ययन गर्दा मकै पर्व र पुस्तकालय पर्व महत्त्वपूर्ण छन् । नेपालको शैक्षिक चेतना र पुस्तकालयीय चेतना जगाउने यी दुवै पर्वले शिक्षा र पुस्तकालयको महत्त्वको ऐतिहासिक सन्दर्भ प्रस्तुत गरेका छन् । पुस्तकालयको इतिहास पुस्तको इतिहाससँगै विकासित भएको पाइन्छ । मेसोपोटामिया र सुमेरियाका सचेत नागरिकहरूले माटाका गिला खपडाहरूमा आफ्ना विचार र भावनाहरू चित्रात्मक रूपमा कोरेर घाममा सुकाएर सुरक्षित राख्ने गरेको र यही पुस्तकसङ्ग्रहको प्रारम्भिक इतिहास बन्न पुगेको छ (तिमिल्सिना, २०८१, पृ. ३) । नेपालमा मठ, मन्दिर, गुम्बा, भोजपत्र, शीलापत्र, घण्टाहरूमा लेख्ने प्रचलन हुँदै विकसित भएको ज्ञान संरक्षणको अभियान पृथ्वीनारायण शाहले वि.स.. १८२७ तिर विभिन्न राज्यबाट प्राप्त त्यस्ता हस्तलिखित बहुमुख्य सामग्री सङ्कलन गरी हनुमान ढोकामा राख्न लगाएको पाइन्छ । वीर सम्सेरले केही पुस्तक र उपयुर्क्त सामग्रीहरू राखी वीर पुस्तकालयको नामबाट सार्वजनिक गरेको पाइन्छ । क्रमिक रूपमा विकासित हुँदै आएका पुस्तकालयहरूको ऐतिहासिक शृङ्खलामा नेपालगन्जस्थित महेन्द्र पुस्तकालय पनि २००३ सालमा प्रेम पुस्तकालयका नामबाट स्थापना भएको देखिन्छ । यसरी भित्ते पुस्तकालय हुँदै आजको प्रविधिको युगमा डिजिटल बुक अर्थात् ई-बुक र डिजिटल पुस्तकालय ई-लाइब्रेरीको रूपमा विकसित गरी पुस्तकरहित पुस्तकालयसम्म पुस्तकालयको इतिहास आइपुगेको छ। पुस्तकालयले ज्ञान, अनुसन्धान, सामाजिकीकरण, सूचनाको पहुँच एवं मनोरन्जनद्वारा पाठक वा जिज्ञासु लेखकको व्यक्तित्वलाई निर्माण गर्दछ। जुनसुकै विषयको अध्येता भए पनि पुस्तकालय उसका लागि अनिवार्य हुन्छ। अतः पुस्तकालयका उपर्युक्त आधारहरूलाई सैद्धान्तिक पर्याधारका रूपमा लिई यस अध्ययनलाई तयार गरिएको छ।

## छलफल र विश्लेषण

### पुस्तकालयको परिचय र प्रारम्भिक अवस्था

माटोका खपटा, जनावरको छाला, भोजपत्र, शिलापत्र, तामा, पित्तलका पाता हुँदै कपडाको विकास भएपछि कपडामा लेख्न थालिएको लेखोटको इतिहासबाट कागजको विकास भएपछि र छाप्ने मेसिनको किवास भएपछि पुस्तका प्रकाशन गर्न थालियो । पुस्तक प्रकाशन भएपछि तिनलाई राख्ने, उत्कृष्ट पुस्तकहरूको सङ्कलन एवं संरक्षण गर्ने र ज्ञानको आदानप्रदान गर्ने क्रममा पुस्तकालयको आवश्यकता महसुस भयो र पुस्तकालयसँगै पढ्ने र आवश्यक सामग्रीहरू टिपोट गर्ने आवश्यकताले वाचनालयको पनि विकास भयो । फलस्वरूप पुस्तकालय र वाचनालयको स्थापना भई संसारमै परम्परागत ज्ञानसिप, अनुभव, संस्कार, संस्कृतिदेखि अधुनातन ज्ञानप्राप्तिको विशिष्ट माध्यमका रूपमा पुस्तकालय बन्न पुग्यो ।

पुस्तकहरू राख्ने घरलाई पुस्तकालय वा पुस्तकहरूको आलयलाई पुस्तकालय नाम दिइयो। सूचना, ज्ञान र मनोरञ्जनको महत्त्वपूर्ण माध्यमका रूपमा पुस्तकालय विकसित हुन पुग्यो । क्रमशः मुद्रणालयबाट छापिएका पुस्तकहरूको पुस्तकालयबाट हाल ई-पुस्तकालय वा डिजिटल पुस्तकालय ई-बुक वा डिजिटल बुकको अवस्थामा पुस्तकालयले नयाँ उचाइ प्राप्त गरेको छ। आधुनिक प्रविधिका माइक्रोफिचररिडर, माइक्रोबुक्स, ईबुक्स र अनलाइनबुक्स जस्ता आधुनिक प्रविधिको विकास भएपछि वर्तमान समयको मागलाई यस्ता प्रविधियुक्त पुस्तकालयले पूरा गर्न थालेका छन् भने परम्परागत पाठक, पुस्तकप्रेमीहरू र ज्ञानका पिपासुहरूलाई एकै ठाउँमा सुविधा दिने परम्परागत वा आधुनिक पुस्तकालयको महत्त्व उत्तिकै छ । महत्त्वपूर्ण दस्तावेजहरू, नक्सा, जग्गाका अभिलेख एवं ऐतिहासिक तथा दुर्लभ पुस्तकहरूलाई जोगाइराख्न माइक्रोफिचर र माइक्रोफिल्म समेतको प्रयोग

हुन थालेको छ । त्यसैगरी अप्टिकल डिस्कबुक पनि पुस्तकीय ज्ञानलाई रेकर्ड गरी सुरक्षित राख्ने तरिकाको अवलम्बन गरिएको छ । यसमा लेजबिमबाट सामग्री भण्डारण गरिन्छ । सिडीरुम, डिभिडीरुम, बिडीरुम जस्ता प्रविधिको प्रयोग गरी आवश्यक सामग्री सार्न समेत सकिने अवस्थामा पुस्तकालय विज्ञान पुगिसकेको छ ।

**नेपालमा पुस्तकालयको ऐतिहासिक अवस्था**

ज्ञानप्रेमीहरू एवं पुस्तकप्रेमी पुस्तक सङ्ग्रह गर्दै जान्छन्, विभिन्न ज्ञानका स्रोत पुस्तकहरूको सङ्ग्रह बढी मात्रामा हुन गएमा पुस्तकालयको स्वरूप दिएर व्यक्तिगत वा निजी पुस्तकालय बनाउँछन् । यस्ता तमाम निजी पुस्तकालयहरूले ज्ञान पिपासुहरूलाई ज्ञानको भोक मेट्दै आएका छन् । निजी पुस्तकालयको सबैभन्दा ठुलो पुस्तकालय 'मदन पुस्तकालय' हो । यस पुस्तकालयका साथै **डिल्लीरमण रेग्मी पुस्तकालय** पनि सार्वजनिक गरिएको ठुलो निजी स्तरको पुस्तकालय हो । अमेरिका, जर्मनी, फ्रान्स र बेलायतजस्ता विकसित मुलुकहरूले संस्कृत विश्वविद्यालय खोलेर संस्कृतका वेद, वेदाङ्ग, दर्शनको अध्ययनअनुसन्धान गर्दै गराउँदै यी ग्रन्थहरूका पुस्तकालयहरू स्थापना गरेका छन् र आफ्नो भूमि र ज्ञान पिपासु जनतालाई ज्ञानले अभिसिञ्चित गरेका छन् । हामीले भने बनाउनुभन्दा त्यस्ता ज्ञानका स्रोतहरूमा आगो लगायौँ र निरोभैँ आत्मरति गरिरह्यौँ । नेपालको पठनसंस्कृतिको विकासमा सचेत स्रष्टाहरू र लेखकहरूले पुस्तकालयको स्थापनाका लागि गरेको प्रयास र पुस्तकालय पर्वका नाममा इतिहास बनाएको वि.सं. १९८७ को पुस्तकालय स्थापनासम्बन्धी घटना नेपाली पुस्तकालय विकासको इतिहासमा बिर्सन नहुने घटना हो जहाँ ४५ जना युवाहरूलाई जरिमाना र जेल गरिएको र सुराकी रामप्रसाद अधिकारीलाई पुरस्कृत गरिएको थियो । यसपूर्व वि.सं. १९७७ मा **मकैको खेती पुस्तक** लेखे बापत कृष्णलाल अधिकारीले प्रकाशन गरेकोमा उनलाई जेल सजाय भएको र जेलमै मृत्यु भएको घटनालाई **मकैको खेती पर्व** र **पुस्तकालय पर्व**ले नेपालमा शैक्षिक र पुस्तकालय चेतनालाई जगाउने ऐतिहासिक कर्म थिए । विश्वमा पुस्तकालयको इतिहास पुस्तकको इतिहाससँगै विकसित हुनपुग्यो । प्रारम्भमा मेसोपोटामिया र सुमेरियाका सचेत व्यक्तिहरूले माटाका गिला खपडाहरूमा आफ्ना विचार र भावनाहरू चित्रात्मक रूपमा कोरेर घाममा सुकाइ राख्नेगरेको इतिहास पुस्तकसङ्ग्रहको प्रारम्भिक इतिहास हो ।

नेपालमा प्रारम्भमा गुरुकुल शिक्षा प्रणाली र मठ, मन्दिर, बौद्धगुम्बाहरूमा शिक्षा दिने अवस्था थियो । भोजपत्र, घण्टा, शिलापत्र, ताम्रपत्रहरूमा हतलिखित सामग्रीहरूको सङ्कलन गर्ने अवस्थाबाट क्रमिक रूपमा पुस्तकालय विकासको अवधारणा विकसित भएको हो । सरकारी बजेटमा सरकार मातहत स्थापित र सञ्चालित पुस्तकालयलाई सरकारी पुस्तकालय भनिन्छ । यस्ता पुस्तकालय सार्वजनिक हुन्छन् । पृथ्वीनारायण शाहले वि.सं. १८२७ तिर विभिन्न राज्यबाट प्राप्त भएका बहुमूल्य हस्तलिखित सामग्रीहरू सङ्कलन गरी हनुमान ढोकामा सङ्ग्रह गर्न लगाएका थिए । वीर समसेरका पालामा केही पुस्तक र उपर्युक्त सामग्रीहरू राखिएको **वीर पुस्तकालय** देव समसेरले सार्वजनिक गरिदिएका थिए । पृथ्वीनारायण शाहका नाति गिर्वाणयुद्ध विक्रम शाहले पुस्तकसम्बन्धी नीति बनाई वि.सं. १८६९ भाद्र १५ गते 'पुस्तक चिताई तहबिल'को स्थापना गरी हजुरबुवाका सङ्कलनसमेतलाई समावेश गरी पुस्तकालयको स्थापना गरे । यो सरकारी स्तरको पहिलो पुस्तकालयसम्बन्धी प्रयास हो । चन्द्र समसेरका छोराहरू केशर समसेर र सिंह समसेरले वि.सं. १९१० तिर सङ्कलन गरेका पुस्तकहरूबाट केशर समसेरकै नाममा **केशरमहल पुस्तकालय** र वि.सं. २०२६ मा नेपाल सरकार शिक्षा मन्त्रालयअन्तर्गत रहने गरी व्यवस्थापन भएको पाइन्छ भने सिंह सम्सेरले सङ्कलन गरेका पुस्तकहरूलाई वि.सं. २०१६ मा त्रि.वि. पुस्तकालय स्थापना भएपछि यस पुस्तकालयलाई प्रदान गरेको पाइन्छ । हाल पनि त्रि.वि. केन्द्रीय पुस्तकालयमा **सिंह कलेक्सन** भनेर छुट्टै व्यवस्थापन गरिएको छ । सर्वोच्च अदालतमा स्थापित पुस्तकालय (वि.सं. १९४३), राममणि आ.दी.द्वारा स्थापित **शान्तिनिकेतन पुस्तकालय** (वि.सं. १९६६), पाल्यामा **पुस्तक पढ्ने दलान**को स्थापना (१९८३-१९८४) र जनस्तरबाट **धवल पुस्तकालय** (२००१-२००२) स्थापन भएको पाइन्छ । पुस्तकालय खुल्ने क्रममा नेपालगन्जमा पनि २००३ साल भाद्र ३ गते प्रेम पुस्तकालयको स्थापना भएको र सोही पुस्तकालय पछि गएर महेन्द्र पुस्तकालय नाम परिवर्तन भई सञ्चालन हुँदै आएको छ ।

२००७ साल वरपर देशैभर पुस्तकालय स्थापनाको लहर चले पनि नेपालको राष्ट्रिय पुस्तकालयको स्थापना भने वि.सं. २०१३ सालमा प्रधानमन्त्री टङ्कप्रसाद आचार्य चिन भ्रमणमा जाने क्रममा कलकत्तामा एक दिन बस्नु परेको र सो समयको सदुपयोग गरी कलकत्ता स्थित भारतको राष्ट्रिय पुस्तकालयको अवलोकन गरेपछि चिनबाट फर्केलगत्तै नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना गरेका हुन् । यस पुस्तकालयमा नायब बडा गुरु हेमराज शर्मासँग रहेका ३० हजार पुस्तकहरू रु. तीन लाख भा.रु.मा खरिद गरिएको र केन्द्रीय सचिवालय सिंहदरबारमा रहेका करिब ८ हजार पुस्तकसमेत गरी वि.सं. २०१३ पौष १९ गते **सिन्नीढोका** भवनमा स्थापित यो पुस्तकालय ललितपुर स्थित हरिहर भवनमा वि.सं. २०१७ सालमा सारिएको थियो ।

वि.सं. २०७२ सालको भूकम्पले क्षतिग्रस्त भएकोले बालकक्षबाट आंशिक रूपमा सेवा प्रदान गर्दै आएको छ । हाल यस पुस्तकालयमा रहेका करिब १ लाख ५० हजार पुस्तक र पत्रपत्रिकाहरू बोरामा बाँधेर राखिएको छ भने राष्ट्रिय पुस्तकालयको भवन जमलमा निर्माणाधीन रहेको छ । **केशरमहल पुस्तकालय** वि.सं. २०२६ सालमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको पुस्तकालयमा ५० हजार पुस्तकहरू सङ्गृहीत छन् । राष्ट्रिय पुस्कालयजस्तो उच्च शैक्षिक र राष्ट्रिय पहिचानको धरोहरसमेत दश वर्षसम्म बन्न नसक्नु विडम्बनापूर्ण अवस्था हो ।

उपर्युक्त निजी, सरकारी एवं सार्वजनिक बाहेक देशैभरका विद्यालय, क्याम्पस र विश्वविद्यालयहरूमा स्थापित छन् र यी पुस्तकालयहरूबाट ज्ञानको प्रसारमा तीव्रता आएको छ । निश्चित विषय र उद्देश्यका लागि स्थापित विषयगत वा विशेष पुस्तकालय पनि प्रचलनमा छन् । निश्चित संस्थाहरूले आफ्नो प्रकृतिअनुसारका पुस्तकहरू सङ्ग्रह गर्दछन् । अहिलेको समय डिजिटलको भएकाले भित्ते पुस्तकालयहरूले पनि परम्परागत व्यवस्थापनसँगै ई-बुक र ई-लाइब्रेरीमा स्तरीकरण गरी समय सापेक्ष सेवा दिन थालेका छन् । ई-लाइब्रेरी वा डिजिटल लाइब्रेरी पर्खाल विनाका पुस्तकालय हुन् । यिनले पाठकलाई चाहिने सूचना चाहनेवित्तिकै हातैमा तत्काल उपलब्ध गराइदिन्छन् । अहिले पुस्तकीय ज्ञानलाई रेकर्ड गरेर अप्टिकल डिस्क बुकमा सुरक्षित राख्न थालिएको छ । यसमा लेजरबिमबाट सामग्री भन्डारण हुन्छ । चलनचल्तीमा प्रयोग हुने सिडीरुम, डिभिडीरुम र बिडीरुमजस्ता प्रविधिबाट आवश्यक सामग्री सार्न सकिन्छ । पुस्तकको डिजिटल रूप नै ई-बुक हो । सिङ्गो पुस्तकलाई डिजिटलाइट गरी ई-बुक बनाएभैँ पुस्तकालयलाई इलेक्ट्रोनिक माध्यममा राख्ने व्यवस्था ई-पुस्तकालय हो । अहिले मोबाइल पुस्तकालयका रूपमा घुम्ती पुस्तकालयहरूसमेत प्रचलनमा छन् । यस्ता पुस्तकालय गाडीभित्रै पुस्तकहरू सुरक्षित राखी विभिन्न ठाउँमा लिएर गइन्छ र पुस्तकालयको प्रयोग र उपयोग गरिन्छ । नेपालमै प्रचलित उपर्युक्त पुस्तकालयहरूको प्रचलनका आधारमा पुस्तकालयहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- राष्ट्रिय पुस्तकालय,
- सरकारी पुस्तकालय,
- सार्वजनिक पुस्तकालय,
- निजी पुस्तकालय,
- विशेष पुस्तकालय,
- विद्यालय, महाविद्यालय र विश्वविद्यालयद्वारा सञ्चालित शैक्षिक पुस्तकालय,
- डिजिटल वा ई-पुस्तकालय
- घुम्ती पुस्तकालय

अतः पुस्तकालयहरू व्यक्तिगत वा निजी, सरकारी, सार्वजनिक वा सामुदायिक, शैक्षिक संस्थाका पुस्तकालय, सङ्घसंस्थाका पुस्तकालय र विशेष पुस्तकालयका रूपमा वर्गीकरण गर्न सकिन्छ । अझ छुट्याउँदा सार्वजनिक, शैक्षणिक र विशिष्ट तीन श्रेणीमा विभाजन गर्न सकिन्छ । सरकारी र सार्वजनिक पुस्तकालयहरू जनताका पुस्तकालय हुन् । सार्वजनिक पुस्तकालयको प्रारम्भ प्रजातन्त्रको विकाससँगै भएको हो । प्रजातन्त्रको सफलता जनताको शिक्षामा भर पर्दछ । शिक्षित जनता भएका मूलुकमा लोकतन्त्र सफलतापूर्वक अघि बढ्छ र बढिरहेको छ । जनतालाई शिक्षित बनाउने काम सार्वजनिक पुस्तकालयहरूले गर्दछन् । त्यसैले सार्वजनिक पुस्तकालयलाई जनताद्वारा जनताका लागि जनताको पुस्तकालय भन्ने गरिन्छ । सार्वजनिक पुस्तकालय जनताको विश्वविद्यालय हो भन्न सकिन्छ । यसमा राष्ट्रिय, जिल्ला र अन्य सार्वजनिक पुस्तकालयहरू पर्दछन् ।

**आदर्श पुस्तकालय**

पुस्तकालय नभएको देश छैन । पुस्तकालय हरेक समाज र राष्ट्रको ज्ञानको स्रोत भएकाले यसको स्थापना, संरक्षण र समयसापेक्ष परिवर्तन हुँदै आएको छ । आदर्श पुस्तकालयका लागि पुस्तकालय निर्माणका लागि निम्न पञ्चसूत्र वा अवधारणाहरू बुझ्नु जरुरी हुन्छ :

- पुस्तकहरू पाठकका लागि हुन्,

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 4 Issue: 2, Year 2025

- प्रत्येक पाठकले आफ्नो आवश्यकताको पुस्तक पाउनु पर्छ,
- प्रत्येक पुस्तकले आफ्नो पाठक पाउनु पर्छ,
- पाठकको समय बचाउनु पर्छ,
- पुस्तकालय उन्नतशील संस्था हो ।

पुस्तकालयसम्बन्धी उपर्युक्त अवधारणाालाई आत्मसात गरी एउटा पुस्तकालय आदर्श पुस्तकालय बनाउनका लागि निम्न सात वटा अवस्थाहरू आवश्यक पर्दछन् :

**पुस्तकालय कस्तो हुनुपर्छ ?**

सार्वजनिक पुस्तकालय पाठकहरू सजिलै पुग्नसक्ने हुनुपर्दछ अर्थात् पाठकको पहुँच सहज हुनुपर्दछ । सहरको बिचमा, मुटु वा हृदयमा जहाँ धेरै मानछेहरूको ओहोरदोहोर हुन्छ । शैक्षिक संस्थाको पुस्तकालय भएमा सबै कार्यक्रमको बिच केन्द्रमा हुनु पर्छ । पुस्तकालय हल्लाखल्ला नहुने शान्त वातावरणमा अवस्थित हुनु पर्छ ।

**खुला प्रवेश**

पुस्तकसम्म पाठकको आफ्नै सहज पहुँच हुनु पर्दछ । पुस्तकहरू तालाबन्द हुनुहुँदैन । खुला रूपमा रहँदा पाठकले आफ्नो रुचिको पुस्तक सहज रूपमा भेट्न र छान्न सक्दछ । पुस्तकालय प्रवेशमा कुनै शुल्क हुनुहुँदैन । यसबाट पाठक वा प्रयोगकर्ताहरू बढी आकर्षित हुन्छन् ।

**पुस्तकालय खुल्ने समय**

आफ्नो पाठकहरूलाई बढीभन्दा बढी सुविधा प्रदान गर्न पुस्तकालयहरू बढी समय खुल्नु पर्दछ । कामकाजी मान्छेहरूका लागि बिहान र साँझको समयमा समेत पुस्तकालय खुला भएमा उनीहरूले उपयोग गरी ज्ञान बढाउने अवसर पाउँछन् ।

**पुस्तक छनौट**

पुस्तकालयका अध्यक्ष वा पुस्तक चयन समितिले पाठकको स्तर, रुचि र समयअनुसारका विविध विषयका पुस्तकहरू छनौट गरी पुस्तकालयमा राख्नु पर्दछ । पाठकहरूको सुझाव लिई त्यस्ता पुस्तक सङ्ग्रह गर्नु पर्दछ । सार्वजनिक पुस्तकालयमा ज्ञान, विज्ञान र वाङ्मयका सबै पुस्तकहरू राख्नु पर्दछ ।

**पुस्तकालय भवन र साजसज्जा**

पुस्तकालयभित्र स्वच्छ हावा जाने ठुलो र खुला स्थान हुनुपर्दछ भने हलहरू चौडा र अग्ला हुनुपर्दछ, दराज तथा र्‍याकहरू ठिक्क साइजका सबैले पुग्न सक्ने हुनु पर्दछ । बिचमा आवतजावत गर्ने बाटो राखिएको हुनु पर्दछ । भवन प्राकृतिक उज्यालो छिर्ने हुनुका साथै पाठक बस्ने कुर्सीहरू पनि सुविधायुक्त भएमा अनुसन्धान गर्न लामो समय बस्ने पाठक वा लेखकहरू पनि नथाकी बस्न सहज हुन्छ । यसले पाठकहरूलाई आकर्षित गर्दछ ।

**कर्मचारी व्यवस्थापन**

पुस्तक र पाठकबिचको सेतु पुस्तकालयमा रहने कर्मचारीहरू हुन् । कर्मचारीको बोलीवचन सुमधुर र व्यवहार सहयोगी हुनु पर्दछ । सहयोगी भावना भएको र सहयोग गर्न तत्पर कर्मचारीले पाठकलाई नजिक ल्याउन सक्छ । कुनै पाठक समस्या भन्न नसक्ने वा लाज वा धक मान्ने भएमा उनीहरूको भावना बुझेर समस्या समाधान गर्ने तत्पर्ता र सुझबुझ पुस्तकालयका कर्मचारीमा हुनु पर्दछ । यस सन्दर्भमा हाल नरहेका त्रि.वि. केन्द्रीय पुस्तकालयका एक कर्मचारी प्रत्येक दिन १८ घण्टा उभिएर नरिसाईकन सेवा दिएकोले अत्यन्त लोकप्रिय र चर्चित बनेको स्मरण हुन्छ ।

**निशुल्क उपलब्धता**

पुस्तक निशुल्क रूपमा उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ। पुस्तकालयले पुस्तक पढ्न दिएवापत शुल्क लिनु हुँदैन।

**पुस्तकालयको प्रयोजन र उपयोगिता**

पुस्तकालयको उपयोग विभिन्न किसिमले गरिन्छ। यहाँ पुस्तकालयको उपयोगिताको उल्लेख गरिन्छः

**अध्ययन र ज्ञान प्राप्ति**

पुस्तकालयले पाठकलाई उसको विभिन्न अभिरुचिका विषयमा जानकारी दिन्छ, ज्ञान दिन्छ र शिक्षा एवं व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ।

**शोधअनुसन्धान**

शोधकर्ता अनुसन्धाताहरूलाई आवश्यक प्राथमिक र द्वितीयक स्रोत उपलब्ध गराउने वा त्यस्ता स्रोतसम्म पुऱ्याउन पुस्तकालय उपयोगी हुन्छ। यसरी सामग्रीको सङ्कलन र अध्ययनबाट शोध वा अनुसन्धान सम्पन्न गर्न मद्दत गर्दछ। एउटा जिज्ञासु शिक्षार्थी दुई वर्ष, चारपाँच वर्ष औपचारिक रूपमा आफ्ना गुरुहरूबाट ज्ञान लिएर पनि थप अध्ययन र अनुन्धानका लागि पुस्तकालय पुग्दछ। त्यसैले पुस्तकालय ज्ञानको माथिल्लो तह हो भन्न सकिन्छ।

**सामाजिकीकरण**

पुस्तकालयमा समाजका विभिन्न वर्ग, पक्ष र क्षेत्रका मान्छेहरू आउँछन्। उनीहरू आफ्नो ज्ञान, सिप र आवश्यकतापूर्तिका साथै अन्य पाठकहरूसँग पनि घुलमिल हुन्छन् र त्यसबाट व्यक्तगत ज्ञान, अनुभव र सिपको आदानप्रदानबाट सामाजिकीकरण हुँदै जान्छ। यसका लागि पनि पुस्तकालय उपयोगी हुन्छ।

**सूचनामा पहुँच**

पुस्तकालयमा हुने पुस्तकीय ज्ञानका साथै पत्रपत्रिकालगायतका सामग्रीबाट सरकारी सेवा, सामुदायिक सेवा र अन्य महत्त्वपूर्ण क्षेत्रको लागि जानकारी प्राप्त गर्न सकिन्छ। नेपालको सन्दर्भमा सार्वजनिक सेवाका परीक्षार्थीहरू विभिन्न पुस्तकालयबाट देश, समाज र विश्व ब्रह्माण्डको भूगोल, इतिहास, संस्कृतिलगायत विविध जानकारी हासिल गर्दछन् र व्यक्तित्व विकास गर्दछन्।

**मनोरन्जन**

पुस्तकालयमा ज्ञानविज्ञानका विविध विषयहरूका साथै सिर्जनात्मक विधाका कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध, गीत, कविता, खण्डकाव्य, महाकाव्य, हास्यव्यङ्ग्य आदि पनि राखिएका हुन्छन्। यस्ता सामग्रीहरूको अध्ययनबाट आवश्यक शिक्षा तथा सन्देशका साथै पाठकले मनोरन्जन पनि प्राप्त गरिरहेका हुन्छन्।

## निष्कर्ष

माटाका गिला खपडामा लेखेर घाममा सुकाएर आफ्ना भावना र विचारहरू सुरक्षित गर्ने परम्पराबाट प्रारम्भ ज्ञानको सङ्ग्रह गर्ने प्रक्रिया अहिले डिजिटल वा भर्चुअल अवस्थामा पुगेको छ। पर्खालमा अवस्थित पुस्तकालयलाई पर्खालविहीन र एक ठाउँमा रहने अवस्थाबाट घुम्ती पुस्तकालयसम्मको विकास भइसकेको छ। कागजमा छापिएका पुस्तकलाई ई-बुकमा परिणत गर्न थालिएको छ।

पृथ्वीनारायण शाहले विभिन्न राज्यबाट प्राप्त गरेका महत्त्वपूर्ण कागजातहरूको सङ्ग्रहबाट प्रेरणा प्राप्त गिर्वाणयुद्ध विक्रम शाहले **पुस्तक चिताई तहबिल** हुँदै वि.सं. २०१३ सालमा टङ्कप्रसाद आचार्यबाट स्थापित **नेपाल राष्ट्रिय पुस्तकालय**को स्थापनाले नेपालमा पुस्तकालयसम्बन्धी चेतना र क्रमिक विकासको अवस्थालाई प्रतिविम्बित गर्द छ । निजी, सार्वजनिक र शैक्षिक संस्थाका पुस्तकालयहरू विश्वव्यापी प्रचलनमा छन् । पुस्तकालयका पञ्चसूत्रलाई आत्मसात गरी विभिन्न सातवटा प्रक्रियाहरू अवलम्बन गरी पुस्तकालयलाई बढी उपयोगी बनाउन आदर्श पुस्तकालय निर्माण गर्न सकिन्छ । नेपालमा आदर्श पुस्तकालयको सञ्चालन र व्यवस्थापन सोचेजस्तो हुनसकेको छैन । पुस्तकालय ज्ञान, सिप र सूचनालाई युगौँयुग र पुस्तौँपुस्तासम्म हस्तान्तरण गर्ने प्रमुख एवं अनिवार्य माध्यम भएकाले पुस्तकालयप्रतिको दृष्टिकोणमा परिवर्तन आउनु पर्दछ । सबै जनसमुदायको पहुँच हुने गरी पुस्तकालयको व्यवस्थापन र सबैले पढ्ने पठनसंस्कृतिको विकास आजको आवश्यकता हो । यसबाट समग्र जनसमुदायमा ज्ञान र शिक्षाको प्रसार भई समाज र सिङ्गो राष्ट्र शिक्षित र उन्नतशील बन्न पुग्दछ ।

## सन्दर्भसूची

चौलागाईं, गोविन्द, नेपालमा पुस्तकालयको अवस्था, (समृद्ध समाज डट कम, २०७७ भाद्र १५) ।

तिमिल्सिना, हरिप्रसाद (२०७९), ‘पुस्तकालय र भाषा साहित्यको विकासमा पुस्तकालयको योगदान’, *वाङ्मय जगत्,* नेपालगन्ज : महेन्द्र पुस्तकालय ।

तिमिल्सिना, हरिप्रसाद (२०८१), ‘आदर्श पुस्तकालयको उपयोगिता’, *वाङ्मय जगत्,* नेपालगन्ज : महेन्द्र पुस्तकालय ।

पौडेल, किशोर, नेपालमा पुस्तकालय इतिहास र वर्तमान ( अनलाइन खबर डट कम, २०७७ भाद्र १६) ।

लामिछाने, खिम, ई-लाइब्रेरी: समयको माग (साहित्य डट कम , २०७७ मङ्सिर २४) ।

सापकोटा, सन्दीप, नेपालमा पुस्तकालयको विकास (गोरखापत्र, २०७७ भाद्र १५) ।

Microfilm and Mircro fiche, https://www.nedcc.org